थासाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
सूचना चलानी नं.: ०६

वि.सं.: २०८३/०४/१४
ने.सं.: ११४६ दिल्लागा पारु

## प्रस्ताव आह्वान सम्बन्धी सूचना !

*प्रथम पटक सूचना प्रकाशित मिति:२०८३/०४/१४*

यस थासाङ गाउँपालिकाको आ.व २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम सञ्चालन गरिने भएको हुँदा यस गाउँपालिका भित्रका इच्छुक कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट कार्यक्रम कार्यान्वयन गर्न निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र अर्थात मिति २०८३/०४/२८ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव निवेदन सहित तपसिल बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी सम्बन्धित वडाको वडा कार्यालय वा गा.पा को कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:

| क्र.स | कार्यक्रमको नाम | बजेट रू लाखमा | माग गर्न सकिने सामग्री | कैफियत |
|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेतिका लागि प्लास्टिक टनेल खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | ५ | मध्यम साईजको प्लास्टिक टनेल | |
| २ | कीरा व्यवस्थापनको लागि पासो खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | २ | लाईट ट्रयाप, एलो स्टिकि ट्रयाप, टि. एल. एम. ल्युर र वाटर ट्रयाप | |
| ३ | मौरी सहितको मौरी घार खरिद, ढुवानी तथा वितरण ५० प्रतिशत अनुदान | १० | मौरी सहितको मौरी घार | आवेदन पेश गर्ने कृषक तथा कृषि फर्महरूले यस पालिकाभित्र अनिवार्य रूपमा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ। |
| ४ | कृषि औजार खरिदमा किसानलाई ५० प्रतिशत अनुदान | २० | ब्रस कटर र मिनि टिलर | |
| ५ | जैविक तेल(ATSO & HMO) र कपर स्टिम पेष्ट, खरिद,ढुवानी तथा वितरण(५० प्रतिशत अनुदान) | २० | सर्वो तेल(HMO), सर्वो तेल(ATSO), कपर स्टिम पेष्ट | |
| ६ | किवि फलको बिरुवा खरिद, ढुवानी तथा वितरण (५० प्रतिशत अनुदान) | १ | किवि फलको बिरुवा | |
| ७ | थासाङ गाउँपालिकाको लोगो सहितको बोरा खरिद, ढुवानी तथा वितरण ५० प्रतिशत अनुदान | १ | जुटको बोरा | |

२०८३/०४/१४
विकाश परियार
प्रमुख प्रशासकीय अधिकृत

# थासाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
सूचना ~~चलानी~~ नं. : ०६

वि.सं.: २०८३/०४/१४
ने.सं.: ११४६ दिल्लागा पारु

<u>निवेदन साथ संल्गन गर्नुपर्ने कागजातहरू</u>

१. व्यक्तिगत निवेदन, व्यक्तिगत स्वघोषण पत्र र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)
२. वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४)
३. नेपाली नागरिकताको प्रतिलिपि।
४. कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्मको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. कृषक समूह/कृषि सहकारीको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।
६. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

*नोटः*

- किसानको माग बमोजिम सामग्री उपलब्ध हुने भएकाले आवश्यक परिमाण मात्र लेखाउन अनुरोध छ।
- प्रस्ताव पत्र/निवेदनको ढाँचा र कृषक विवरण ढाँचा सम्बन्धित वडा कार्यालयबाट वा कृषि विकास शाखाबाट वा यस कार्यालयको वेवसाईट *http://www.thasangmun.gov.np* मा रहेको कृषि तथा पशुपालन उपज उत्पादन तथा यान्त्रिकण सामाग्री अनुदान कार्यक्रम कार्यविधि- २०८२ बाट प्राप्त गर्न सकिने छ।

थप जानकारी आवश्यक भएमा कृषि विकास शाखा, थासाङ वा मोबाईल नं. ९८५७६५१००६/९८६५४६३१५० मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

२०८३/०४/१५

बिकाश परियार
प्रमुख प्रशासकीय अधिकृत